# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असोज २१ गते २०५१ साल (अतिरिक्ताङ्क २९ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट गणतन्त्र फ्रान्सको राजकीय भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा २०५१ साल असोज २१ गते देशवासीका नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरू,

महामहिम राष्ट्रपति फ्रास्वाँ मित्तराँको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र गणतन्त्र फ्रान्सको राजकीय भ्रमण र अष्ट्रिया, इटली तथा संयुक्त अरब इमिरेट्सको अनौपचारिक भ्रमण पूरा गरी आज स्वदेश फर्कदाँ हामीलाई खुशी लागेको छ।

राजकीय भ्रमणको अवसरमा हामीप्रति दर्शाइएको स्वागत र आतिथ्यका लागि हामी राष्ट्रपति मित्तराँ, फ्रान्सेली सरकार तथा जनतालाई हार्दिक धन्यवाद दिन्छौं। हामीलाई प्राप्त स्वागत र सम्मानलाई हामीले नेपाल र नेपाली जनताप्रति मित्रराष्ट्र फ्रान्सको सद्भावनाको रूपमा लिएका छौं। फ्रान्समा रहँदा राष्ट्रपति मित्तराँ तथा अन्य फ्रान्सेली नेताहरूसँग आपसी हितका विषयहरूमा भएको हाम्रो भेटवार्ताबाट दुई देशबीच रहिआएको मित्रता र समझदारीको सम्वन्ध सुदृढ हुन गएको हाम्रो विश्वास छ।

११.३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनौपचारिक भ्रमणको क्रममा अष्ट्रियाका महामहिम राष्ट्रपति टमस लेइस्टल, इटलीका राष्ट्रपति महामहिम अस्कर लुइगी स्कालफारो तथा संयुक्त अरब इमिरेट्सका नेताहरूसँग भएको भेटघाटबाट पनि नेपाल र नेपालीप्रति यी मित्रराष्ट्रहरूको सद्भावना अभिवृद्धि गर्नमा सहयोग पुगेको छ । अष्ट्रिया, इटली र संयुक्त अरब गणतन्त्रका सरकारहरूबाट हामीप्रति दर्शाइएको स्वागत तथा आतिथ्यको पनि हामी सराहना गर्दछौं ।

दूरगामी महत्वका परिवर्तनहरू भइरहेको आजको विश्वमा राष्ट्रिय हितको दृष्टिकोणले नेपाल र नेपालीप्रति अन्तर्राष्ट्रिय सद्भावना र समझदारीमा निरन्तर बृद्धि हुनु आवश्यक भएको छ ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राजप्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तथा अन्य सदस्यहरूलाई हामी धन्यवाद दिन्छौं । साथै आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने सबै देशवासीहरूलाई पनि धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

११९४



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।